# मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


पत्र संख्या : २०७७/०७८
चलानी नं. :- २६३

मिति :२०७७/०५/३०

विषय : विद्यालयको पठनपाठन सम्बन्धमा ।

श्री सबै विद्यालयहरु
मण्डनदेउपुर नगरपालिका, काभ्रे ।

प्रस्तुत विषयमा कोभिड १९ का कारण अवरुद्ध रहेको विद्यालयको पठनपाठन विद्यार्थी सिकाइ सहजीकरण कार्य विधि २०७७ बमोजिम निम्नानुसार सञ्चालन गर्न नगर शिक्षा समितिको मिति २०७७।५।२१ तथा नगरकार्यपालिकाको मिति २०७७।५।२६ गतेको वैठकबाट निर्णय भएको हुँदा तपसिल अनुसार पठनपाठनको व्यवस्था मिलाउन हुन जानकारी गराइन्छ ।

तपसिल

१. प्रत्येक विद्यालयहरुले वैकल्पिक माध्यमबाट पठनपाठन सुचारु गर्न शिक्षकहरुलाई विद्यालयमा उपस्थित गराउने ।

२.अबको वैकल्पिक सिकाइ कार्यक्रम पाठ्यक्रम तथा पाठ्यपुस्तकका आधारमा पाठ अघि बढाउने गरी सञ्चालन गर्ने ।

३. सिकाइका वैकल्पिक उपायहरु अवलम्वन गरी सिकाइ प्रक्रिया अघि बढाउने

४. कक्षागत तथा विषयगत रुपमा गृहकार्य हुने गरी प्रश्नावली, अभ्यास सिट लगायतका सामग्रीहरु तयार गरी घरमै अभ्यास गर्ने र उत्तरपुस्तिका तथा गृहकार्य विद्यालयमा झिकाई परीक्षण गर्ने व्यवस्था मिलाउने ।

५.आवश्यकता अनुसार सिकाइकेन्द्रहरु सञ्चालन गर्न सकिने ।

६. विद्यालयहरुले आफ्ना शिक्षकहरुलाई शिक्षण सिकाइ सहजकर्ता र मूल्यांकनकर्ताको रुपमा कार्य गर्न लगाउने ।

७. सबै किसिमका सिकाइ क्रियाकलापहरु सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाका न्यूनतम मापदण्ड अपनाई सामाजिक दुरी कायम गरी सिकाइको व्यवस्था मिलाउने ।

८.दूर सिकाइ तथा विद्युतीय प्रणालीबाट सिकाइ सञ्चालन गर्न सम्भव भएमा सो समेत गर्ने ।

९. सबै वडा कार्यालयहरुले आफ्नो वडाभित्रका विद्यालयहरुको र विद्यालयहरुले शिक्षक विद्यार्थी बीचको समन्वय गराइ कार्य सञ्चालन गर्ने ।

१०. विद्यार्थीलाई नियमित पठनपाठन सामग्री उपलब्ध गराउन आवश्यक फोटोकपी तथा प्रिन्ट गर्न विद्यालयमा उपकरण तथा स्रोतको अभाव भए सम्वन्धित वडा कार्यालयसँग समन्वय गरी व्यवस्था गर्ने र वडा कार्यालयले समेत सो कार्यमा सहयोग पुऱ्याउने ।

२०७७।५।३०

( प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सबै वडा कार्यालयहरु, मण्डनदेउपुर न.पा. ( आवश्यक समन्वय गर्नु हुन)
श्री सूचना तथा प्रविधि शाखा, मण्डनदेउपुर न.पा. ( सूचना अपलोड गर्नु हुन )